## घरपझोङ गाउँपालिकाको कार्यालय, जोमसोम, मुस्ताङको

# सामाजिक परीक्षण प्रतिवेदन

## (आ.व. २०८२/०८३ को)




प्रतिवेदन पेश गर्नेः


**रियल पिस ईनोभेटिभ कन्सल्टेन्सी प्रा.लि.**
**वेनी न.पा. वडा नं. ७, वेनी, म्याग्दी ।**
**सम्पर्क नम्बरः ९८४७६३५७६०**
**Email:** pabitrakc12@gmail.com

# भूमिका तथा आभार

स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोके बमोजिम यो सामाजिक परीक्षण २०८३ साल वैशाख र जेष्ठ महिनामा सम्पन्न गरिएको हो । परीक्षणको कार्यसम्पन्न गर्न ऐन र कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरिएको छ । यो परीक्षण प्रक्रियामा घरपझोङ गाउँपालिकाको वार्षिक गतिविधिहरुलाई मुख्य आधार बनाइएको छ । उल्लेखित कार्यालयको प्रगति समिक्षा र अन्तरक्रियात्मक छलफल पश्चात प्रारम्भिक प्रतिवेदन तयार गरि सम्वन्धित जिम्मेवार पदाधिकारीहरु र कर्मचारीहरु संग छलफल पश्चात सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । प्रतिवेदनमा उल्लेख भएका तथ्याङ्कहरुको मुख्य स्रोत सम्बन्धित गाउँपालिकाको कार्यालय हो । जसको विवरण प्रतिवेदनमा राखिएको छ ।

गाउँ पालिकाको कार्यालय, घरपझोङको सामाजिक परीक्षण गर्नका लागि जिम्मेवारी प्रदान गर्नु हुने गाउँपालिकाका अध्यक्ष श्री मोहन सिंह लालचन, उपाअध्यक्ष श्री जमुना थापा मगर, प्रमुख प्रशासकीय अधिकृत श्री भिम कुमार वस्नेत, पशु चिकित्सक श्री आईत वहादुर थकाली, योजना शाखा प्रमुख श्री केदार सिंह, लेखा अधिकृत श्री सुजित वराल, सहायक लेखा अधिकृत श्री आशिष भण्डारी, महिला, वाल वालिका तथा जेष्ठ नागरीक शाखा प्रमुख श्री सरिता थकाली तथा गाउँ पालिकामा कार्यरत विभिन्न शाखा, उपशाखाका प्रमुखज्यूहरु एवं सम्पूर्ण कर्मचारीहरु प्रति पनि विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी अध्ययन कार्यमा सूचना उपलब्ध गराइदिनु हुने महानुभावहरु, वडाका अध्यक्ष, स्थलगत अध्ययनको क्रममा उपस्थित महानुभावहरुवाट प्राप्त सूचना तथा राय सुझाव दिनुहुने गाउँपालिका सदस्यहरु, वडाका कर्मचारीहरु, अन्य जनप्रतिनिधिहरु सबैमा हार्दिक आभार व्यक्त गर्दछु । गाउँपालिकाले आगामी दिनमा समेत यस्ता कार्यहरु सम्पादन गर्ने अवसर प्रदान गर्नेछ भन्ने शुभेच्छा व्यक्त गर्दै प्रतिवेदनमा सकारात्मक र सिर्जनात्मक सुझावको अपेक्षा गर्दछु ।

**रियल पिस ईनोभेटिभ कन्सल्टेन्सी प्रा.लि.**
**वेनी न.पा. वडा नं. ७, वेनी, म्याग्दी ।**

## १. पृष्ठभूमिः

स्थानीय सरकार संचालन ऐन, २०७४ ले हरेक वर्ष स्थानीय निकायहरुले अघिल्लो वर्ष सम्पादित कार्यक्रम, क्रियाकलापहरु र गतिविधिहरुको सामाजिक परिक्षण गर्नु पर्ने व्यवस्था गरेको छ । सार्वजनिक निकायले उत्तरदायित्व वहन गर्ने एवं अनुमोदित हुन विभिन्न विधिहरुको प्रयोग गरेका हुन्छन् ति मध्ये एउटा विधि सामाजिक परीक्षण पनि हो । जस अनुसार सामाजिक परीक्षण भनेको स्थानीय निकायहरुको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले गाउँ पालिकाको आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्ने कार्य हो । स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पूरा गरे नगरेको साथै गाउँपालिकाको सम्रग कार्यक्रम तथा गतिविधिहरुका सम्बन्धमा लेखाजोखा गर्ने कार्यले स्थानीय निकायलाई सामाजिक दायित्व पूरा गर्न सहयोग गर्दछ । स्थानीय सरकार संचालन ऐन अनुसार एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भए पछि चालु आ.व. भित्र सामाजिक परीक्षण गराउनु पर्ने प्रावधान रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा ५ मा गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जनउत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यकम सञ्चालन गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था भए वमोजिम र नेपाल सरकार संघीय मामिला तथा सामान्य मन्त्रालयद्धारा प्रमुख प्रशासकीय अधिकृतहरु लाई १८ बुदे निर्देशन कार्यन्वयन गर्ने सम्बन्धमा भएको परिपत्र समेतको आधारमा यो सामाजिक परीक्षण गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन तथा यस कार्य सम्पादनका लागि आकर्षित हुने ऐन, नियम तथा कार्यविधि अनुसार गाउँपालिकाले सामाजिक उत्तरदायित्व वहन गर्ने शिलशिलामा गत वर्ष सम्पन्न भए गरेका कार्यहरुको सामाजिक परिक्षण गर्न घरपझोङ गाउँपालिकाको कार्यालय, जोमसोमको आ.व. २०८१।०८२ सम्पादीत कार्यक्रम तथा गतिविधिको सामाजिक परीक्षण गर्ने कार्यका लागि भएको सम्झौता वमोजिम प्रस्तावमा उल्लेख भए बमोजिमको प्रकृया पूरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्यः

स्थानीय सरकार संचालन ऐन, २०७४ ले हरेक वर्ष स्थानीय निकायहरुले अघिल्लो वर्ष सम्पादित कार्यक्रम, क्रियाकलापहरु, गतिविधिहरुको सामाजिक परिक्षण गर्नु पर्ने व्यवस्था गरेको छ ।

स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गरी प्राप्त अवस्था दर्शाउनुका साथै सुझाव एवं प्रतिक्रिया उपलब्ध गराउनु पनि यस कार्यकमको अर्को उद्धेश्य रहेको छ । यसमा गाउँ पालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम तथा आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने नीतिगत व्यवस्था र संस्थागत क्षमताको लेखाजोखा गरिएको छ ।

## ३. सामाजिक परीक्षण अध्ययन विधिः

स्थानीय निकायको सामाजिक परीक्षण कार्यविधिमा तोकिए बमोजिम नै सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन गरिएको थियो । आवश्यकता अनुसार गाउँ पालिकाका शाखा प्रमुखहरु, वडा अध्यक्ष तथा वडाका कर्मचारीहरु, केही उपभोक्ताहरु, केही सेवा ग्राहीहरु समेत संग छुट्टा छुट्टै तथा सामुहिक रुपमा अन्तरवार्ता तथा छलफल गरिएको छ । प्रतिवेदनको विश्लेषण, अन्तरवार्ता र छलफलवाट प्राप्त निष्कर्षलाई प्रारम्भिक प्रतिवेदनको रुपमा तयार गरी गाउँपालिकाका पदाधिकारीहरु, गाउँपालिकाका शाखा प्रमुख तथा विभिन्न सरोकारवालाहरु विच प्रस्तुत गरी उनीहरुवाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- गाउँपालिकाको दिर्घकालीन, मध्यमकालीन, अल्पकालीन योजनाहरु
- गाउँपालिका संचालन र व्यवस्थापन सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- गाउँपालिकाले लिएको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- गाउँपालिकाको वस्तुगत विवरण
- वार्षिक योजना

- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक वडापत्र
- वार्षिक प्रगति समिक्षा, कार्यपत्र तथा प्रतिवेदनहरू

**ख) अन्तरवार्ता र समूह छलफल**

गाउँपालिकाको शाखा प्रमुख, सहायक कर्मचारी तथा सेवाग्राही र केही उपभोक्ताहरु संग अर्ध संरचित अन्तरवार्ता गरिएको थियो। अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूहरु संग छलफल गर्नुका साथै प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो।

## ४. अध्ययनका सिमाः

यस सामाजिक परिक्षणको अनुसन्धान मुलक अध्ययनका क्रममा समय, बजेट तथा श्रोतको सीमितताका कारण पालिकाका सम्पूर्ण कार्यालयहरु लगायत गैह्रसरकारी संस्थाहरूलाई अध्ययनको क्षेत्र भित्र समेट्न सकिएको छैन । त्यस्तै गरि घरपझोङ गाउँपालिकाले संचालन गरेका सबै योजनाहरुहरुको अवलोकन भ्रमण गरिएको नभई केही योजनाहरुको अवलोकन र उपभोक्ताहरु संगको छलफल तथा अन्तरक्रिया गरिएको थियो।

## ५. स्थानीय निकायको छोटकरी परिचय

गण्डकी प्रदेश अन्तरगत मुस्ताङ जिल्लामा अवस्थित घरपझोङ गाउँपालिका हिमाली भेगमा रहेको गाउँपालिका हो। हिमालपारीको जिल्लाको रुपमा चिनिने मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोममा अवस्थित रहेको यस गाउँपालिका वि. सं २०७३ सालमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ स्थानीय तह लागू गर्दा मुस्ताङ जिल्लामा साविकका मार्फा गा.वि.स, टुकुचेको (८,९) वडाहरू र जोमसोम गाउँ विकास समितिहरूलाई समेटेर घरपझोङ गाउँपालिका घोषणा गरिएको हो। घरपझोङ गाउँपालिकाको क्षेत्रफल ३१९.७७ वर्गकिलोमिटर रहेको छ। यो गाउँपालिका ५ वडाहरूमा विभाजन गरिएको छ। यस गाउँपालिकाको कूल जनसंख्या ३,७१२ रहेको छ।

यस गाउँपालिकाको सिमाना पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, दक्षिणमा थासाङ गाउँपालिका र म्याग्दी जिल्लाको सिमाना रहेको छ। हाम्रो अहिलेको घरपझोङ कुनै बेला लो (ग्लो वा ब्लो) नामको एउटा स्वतन्त्र र बलियो अधिराज्य

थियो जसलाई लोबो ग्याल्खाब भनिन्थ्यो । यस भेगको इतिहास निकै चाखलाग्दो छ । केही अघि गरिएका पुरातात्विक अध्ययन र उत्खनन्ले यो इलाका लगभग सातौँ शताब्दी ईसा पूर्वदेखि नै मानव सभ्यताको उल्लेखनीय स्थलका रूपमा विकसित भइसकेको जानकारी मिलेको छ । त्यसबेला देखि झन्डै हजार वर्षसम्म अर्थात् ईसाको छैटौँ-सातौँ शताब्दी ताकासम्म यहाँका मानिस खेतीपाती, पशुपालन आदि व्यवसाय गरे पनि प्रायः बसोबास भने शायद सुरक्षाका दृष्टिले मानव निर्मित गुफामै गर्थे भन्ने पनि पुरातात्विक तथा ऐतिहासिक दुवै अध्ययनका आधारमा स्पष्ट भएको छ । मुस्ताङ भेगमा आठौँ शताब्दीको मध्यताका या-लुङ् सैन्यको साथमा बौद्ध परम्पराको प्रवेश हुँदा शे-रिव नामको स्थानीय राज्यको अस्तित्व त्यस भेगमा थियो, जसको केन्द्र अहिले भग्नावशेषका रूपमा रहेको ठिनी नजिकैको गारावजोङ (घरपझोङ) भन्ने स्थानमा थियो । अघि बोनको अत्यन्त महत्वपूर्ण केन्द्रको रूपमा रहेको र पछि त्यत्तिकै महत्वको बौद्ध केन्द्र बनेको गारावजोङ् नजिकैको कुछाव तेर-ङको धार्मिक-साँस्कृतिक महत्व र गारावजोङ्को सामरिक तथा शासन केन्द्रको महत्व यस प्रसंगमा स्मरणीय हुन्छ ।

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम २५५९ मिटर उचाईदेखि ६८६५ मिटर भन्दा माथि सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । गाउँ क्षेत्रका जोमसोम देखि दक्षिण तल्लो भेगमा समशितोष्ण र उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छन् । हिमालपारीको जिल्लाभित्र रहेको गाउँपालिका भएकाले यहाँ ज्यादै नै कम वर्षा हुन्छ । यो ठाउँबाट यसको दक्षिणी भेगमा पर्ने धौलागिरी, तिलिचो पिक, 'याक कावा' तथा निलगिरी हिमालको राम्रो दृश्य देखिन्छ । यो ठाउँ प्रख्यात तीर्थस्थल मुक्तिनाथ, तिलिचो ताल (मनाङ) र लोमान्थाङ जाने प्रवेश द्वारको रूपमा पनि लिन सकिन्छ । यो गाउँपालिकाको अधिकतम तापक्रमः २६ डिग्री सेन्टिग्रेड देखि न्यूनतम तापक्रम (९ डिग्री सेन्टिग्रेड भन्दा कम सम्म हुन्छ । यस गाउँपालिकको केन्द्र साविक जोमसोम गाविसको कार्यालयमा रहेको छ ।

यो क्षेत्र अन्नपूर्ण हिमश्रृङ्खलाको उत्तर पट्टी रहेको हुनाले यहाँ अत्यन्त कम मात्रामा पानी पर्दछ । उच्च हिमाली भेग भएको हुनाले दिउँसोको समयमा उच्च बेगले हावा बहने गर्दछ । औषत वार्षिक वर्षा तल्लो भागमा २०० मि.मि र माथिल्लो भागमा हिमपात हुन्छ । समुन्द्री सतहबाट निकै उचाईमा रहेको यो गाउँपालिकामा चिसो हावापानि पाइन्छ । गृष्म महिनामा यहाँ अधिकतम

तापक्रम २६ डिग्रि सेल्सियस सम्म पुग्छ भने चिसो महिनामा तापक्रम - ९°C भन्दा तल झर्दछ । जोमसोम देखि दक्षिण तल्लो भेगमा प्रायःजसो समशितोष्ण चिसो हावापानी पाइन्छ ।
यस गाउँपालिकामा पर्यटकीय क्षेत्रको रुपमा ढुम्बा ताल र क्षमा ताल रहेका छन । यस गाउँपालिकामा संसारकै अग्लो स्थानमा रहेको तिलिचो ताल जाने प्रवेश बिन्दु रहेको छ। चिमाङ खोला, मार्फा खोला, ठिनी खोला, ढुम्बा खोला र स्याङ खोला लगायत खोलाहरु कालीगण्डकी नदीमा मिसिन्छन् । कालीगण्डकी नदी यस गाउँपालिका बिच भएर बग्ने मुख्य नदी रहेको छ । यहाँबाट काली गण्डकी नदीको तीरै तीर हुँदै मोटर बाटोले दक्षिणमा बेनी तथा बाग्लुङ बजार सम्म जोड्ने गर्दछ । यस गाउँपालिकामा धैरै जसो बौद्ध धर्मावलम्वीहरुको बसोबास रहेको देखिन्छ । त्यसैले यहाँका प्रत्येक ऐतिहासिक तथा धार्मिक स्थलहरुमा बौद्धहरुकैगुम्बाहरु मात्र भेटिएको छ । यहाँका ऐतिहासिक स्थलहरुमा ऐतिहासिक चिनारी भएको मार्फा गाउँ , ह्यारुझो भ्यू टावर, लियोपार्ड केभ, टसि ल्हाखाङ गुम्बा,उर्केन छ्योकोर्लिङ गुम्बा, चेछेन कुंगा छ्योखोर लिङ, साक्य गोन्पा, युनद्रुङ फेनचोलीङ बोन गुम्बा, कुछप तेरेङगा गुम्बा लगायत पुराना गुम्बाहरु, थकाली तथा गुरुङ जातिको संस्कृति झल्काउने म्युजियमहरु र हिमालहरु (धवलागिरी, नीलगिरी) को मनोरम दृश्य आदी देख्न पाइन्छन् ।

- LISA परिक्षणमा गाउँपालिकाको कार्य सम्पादन स्तर ८० प्रतिशत प्राप्त भएको । कार्य सम्पादनमा जिल्ला द्रोश्रो रहेको । संगठन तथा प्रशासन, शासकिय प्रवन्ध, सामाजिक समावेशीकरणमा अन्य सूचक भन्दा कम अंक प्राप्त गरेको ।
- हाल घरपझोङ गाउँपालिकामा शाखा ६ वटा, ३ वटा उपशाखा, ९ वटा ईकाइ, २ स्वास्थ्य चौकी, २ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र, २ वटा गाउँघर क्लिनिक, ६ वटा खोप केन्द्र, ५ वटा वडा कार्यालय रहेका छन् ।
- आवधिक योजना, विपद जोखिम न्यूनीकरण तथा प्रति कार्य योजना, यातायात गुरुयोजना, क्षमता विकास योजना, भू उपयोग योजना तयार भई लागु भएको ।
- O & M अध्ययन प्रतिवेदन प्राप्त भएको तर लागु नगरिएको ।
- गाउँपालिकाले गत आ.व.मा १ वटा सार्वजनिक सुनुवाई गरेको ।
- खुला दिसामुक्त गाउँ घोषणा भै सकेको र पूर्ण सरसफाई कार्यक्रम तर्फ लम्किने जमर्को गरेको

- पालिका अर्न्तगत विषयगत समितिहरु गठन गरी संचालनमा ल्याएको तिनीहरु सक्रिय रहेका ।
- पालिका अर्न्तगत विशेष कोषहरुं खडा गरी संचालनमा ल्याएको ।
- आ.व. २०८०/०८१ मा यस गाउँपालिकाको आन्तरिक राजस्व रु. १,१४,८०,३३९.६४ रहेको साथै आ.व. २०८१/०८२ मा आन्तरिक राजस्व रु. १,४४,९१,४९६.९७ रहेकोले अघिल्लो आ.व.को तुलनामा २६.२२ प्रतिशतले वृद्धि भएको ।
- मुस्ताङ जिल्लामा पहिलो गाउँपालिकाको रुपमा वाल मैत्री स्थानीय शासन यूक्त गाउँपालिका घोषणा २०८३ असार भित्र गर्ने गरि योजना तय भएको ।
- स्थानीय सडक स्थापना र संचालनका लागि भवन तथा सडक मापडण्ड कार्यविधि तयार भई लागु भएको ।
- गत आ.व.मा मार्फा स्थित जनवाल माध्यामिक विद्यालय नयाँ भवन निर्माण, कैसाङ ठिनी सिंचाई योजना, ऐतिहासिक र पुरातात्विक रुपले महत्वपूर्ण घरपझोङ किल्लाको Master plan निर्माण योजनाको DPR तयार भएको ।
- फोहर व्यवस्थापनमा हाल गाउँपालिका अर्न्तगतका विभिन्न टोल गाउँमा गठित आमा समुह मार्फत श्रोतमा नै वर्गिकरण गरी फोहर संकलन गरी वडा अर्न्तगत रहेका फोहर संकलन केन्द्रमा संकलन गरिएको र एक्यापको सहयोगमा फोहरको पुन प्रयोगका लागि पोखरामा लग्ने गरिएको ।
- यस आ.व.मा गाउँपालिकाले वडा स्थित फोहर संकलन केन्द्रवाट फोहरहरु ई रिक्सामा संकलन गरी गाउँपालिकाको लगानीमा वन्दै गरेको फोहर संकलन केन्द्रमा फोहरहरुलाई कम्प्रेस गरी फोहरको भोलुम घटाई पोखरा पठाउने योजना रहेको ।
- चालिस माईक्रोन भन्दा मुनीका सवै प्लाष्टिकहरु र वियरका वोत्तललाई पूर्ण रुपमा निषेध गरेको ।
- गाउँ पालिकाले पर्यटन गुरुयोजना, उद्यम विकास रणनितिक योजना, वाल विवाहका लागि स्थानीय रणनिति तयार गर्नु पर्ने देखिएको ।

## ६ स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू दुर दृष्टिः

**“ घरपझोङको सम्वृद्धिः कृषि, पर्यटन र संस्कृति ”**

**उद्धेश्यहरुः**

- घरपझोङ गाउँपालिकाको  सवै विकासका सम्भावनाहरुलाई खोजी गर्ने तथा आन्तरिक आयलाई उल्लेख रुपमा अभिवृद्धि गरी आगामी २० वर्षमा घरपझोङ गाउँपालिकालाई एउटा विकसित सुन्दर गाउँ सहर वनाउने ।
- गाउँपालिका क्षेत्र भित्रका सम्भावनाहरुको खोजी श्रोत र साधनको अधिकतम परिचालन र सहभागितामूलक विकासको आधार स्तभ्भ खडा गरी आगामी २० वर्षमा Smart city वनाउने ।

## ७. प्राथामिकताहरुः

- समृद्ध घरपझोङ   गाउँ पालिकाः सुखी गाउँवासी अभियान चलाउने ।
- गाउँ पालिकाको विकास र समृद्धिमा सार्वजनिक नीजि र सहकारी क्षेत्रको साझेदारी
- कृषि क्षेत्रको व्यवसायिकरण, विविधिकरण र यान्त्रिकरण ।
- पर्यटन पूर्वाधार एवं प्रचार प्रसार ।
- उद्यमशिलता विकास तथा स्वरोजगारी
- वातावरण संरक्षण र फोहर व्यवस्थापन
- एक वडा एक पर्यटन परियोजना
- एक घर एक धारा
- घर घरमा स्वास्थ्य कर्मी
- एक घर एक करेसावारीः पकेट क्षेत्रमा व्यवसायिक तरकारी उत्पादन
- एक वडा एक प्राविधिक
- फलफुल, तरकारी लगाऊः छोरी पढाउ अभियान संचालन गर्ने
- याक तथा च्यांङग्राको पकेट क्षेत्र विस्तार

- ग्रामीण सडक स्तरोउन्नती
- करदाता शिक्षा र वहाल करलाई व्यवस्थित गर्दै करको दायरामा ल्याउने ।
- एक वडा एक उत्पादन कार्यक्रममा जोड
- खानेपानी, फोहोरमैला व्यवस्थापन तथा सरसफाई
- संस्थागत क्षमता बिकास र आन्तरिक स्रोतको परिचालन र ब्यवस्थापन
- योजनाको कार्यान्वयन, अनुगमन तथा सुपरिबेक्षणमा सक्रियता
- सामाजिक तथा समावेशी विकास

**८. गत वर्षका मुख्य मुख्य उपलव्धिहरु:**
**८.१ वार्षिक आर्थिक प्रगति:**

**गत आ.व.को विषयगत बजेट र खर्चको विवरण**

## १. आर्थिक विकास

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | कृषि | १,७७,७५,०००.०० | १,५८,३०,३९८.०० | ८९.०६ |
| २ | उद्योग | १३,००,०००.०० | ३,७०,५७९.०० | २८.५१ |
| ३ | पर्यटन | १,३३,००,०००.०० | १,१३,७५,४३९.०० | ८५.५३ |
| ४ | सहकारी | १,५०,०००.०० | ७१,९५०.०० | ४७.९७ |
| ५ | जलश्रोत तथा सिंचाई | ११,००,०००.०० | १०,९८,९५२.०० | ९९.९० |
| ३ | पशुपन्छी विकास | २१,२२,०००.०० | १९,३८,१७९.०० | ९१.३४ |
| **जम्मा आर्थिक विकास** | | **३,५७,४७,०००.००** | **३,०६,८५,४७९.००** | **८५.८४** |

## २. सामाजिक विकास

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | शिक्षा | ७,५७,५८,०००.०० | ६,९७,९६,१५३.७४ | ९२.१३ |
| २ | स्वास्थ्य | १,८१,४३,०००.०० | १,३४,३१,१०३.६० | ७४.०३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | खानेपानी तथा सरसफाई | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० |
| ४ | भाषा तथा संस्कृति | ९,०२,०००.०० | ८,७३,२१५.०० | ९६.८१ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २८,५०,०००.०० | १७,८१,९४५.०० | ६२.५२ |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | ७४,८३,०००.०० | ७३,०४,२१६.०० | ९७.६१ |
| **जम्मा सामाजिक विकास** | | **१०,५६,३६,०००.००** | **९,३६,८६,६३३.३४** | **८८.६९** |

## ३. पूर्वाधार विकास

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | यातयात पूर्वाधार | २,६०,००,०००.०० | १,४५,५५,०००.०० | ५५.९८ |
| २ | भवन, आवास तथा सहरी विकास | ८४,१०,०००.०० | ५८,९७,८६६.०० | ७०.१३ |
| ३ | सम्पदा पूर्वाधार | २,७२,४५,०००.०० | १,४३,९६,४३४.०० | ५२.८४ |
| ४ | पुन निर्माण | ४,५०,०००.०० | ४,४७,६७३.०० | ९९.४८ |
| **जम्मा पूर्वाधार विकास** | | **६,२१,०५,०००.००** | **३,५२,९६,९७३.००** | **५६.८३** |

## ४ सुशासन तथा .अन्तर्सम्बन्धित क्षेत्र

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | वातावरण तथा जलवायु | ३३,३०,०००.०० | २१,९६,४२२.८५ | ६५.९५ |
| २ | विपद व्यवस्थापन | १९,००,०००.०० | १८,९०,५६६.०० | ९९.५० |
| ३ | मानव संशाधन विकास | २६,००,०००.०० | ७,१३,३९५.०० | २७.४४ |
| ४ | शान्ति तथा सुव्यवस्था | १३,००,०००.०० | १३,००,०००.०० | १००.०० |
| ५ | शासन प्रणाली | ८,००,०००.०० | ९९,७७८.०० | १२.४७ |
| ६ | योजना तर्जुमा र कार्यान्वयन | २०,००,०००.०० | १९,४४,९२२.०० | ९७.२५ |
| ७ | प्रशासकिय सुशासन | १,५०,०००.०० | १,४८,०३०.०० | ९८.६९ |
| **जम्मा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | | **१,२०,८०,०००.००** | **८२,९३,११३.८५** | **६८.६५** |

## ५ .कार्यालय सञ्चालन तथा प्रशासनिक

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,११,५४,४९०.०० | ५,४६,७६,२२०.८८ | ५९.९८ |
| **जम्मा कार्यालय सञ्चालन तथा प्रशासनिक** | | **९,११,५४,४९०.००** | **५,४६,७६,२२०.८८** | **५९.९८** |
| | **कुल जम्मा** | **३०,६७,२२,४९०.००** | **२२,२६,३८,४३८.०७** | **७२.५८** |

- ✓ बजेट तथा खर्च सम्बन्धि सम्पूर्ण कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub-national Treasury Regulatory Application - SuTRA) मार्फत गरिएको ।
- ✓ कार्यालय र मातहतका शाखा उपशाखाहरुको हिसाब भिडान तथा आय व्ययको हिसाब छिटो, छरितो र सहज तरिकाले गर्न सकिएको ।
- ✓ आर्थिक प्रशासन शाखाबाट हुने कार्यहरुलाई चुस्त, दुरुस्त, पारदर्शी र नागरिकमैत्री बनाउन पहल गरिएको ।
- ✓ विपद व्यवस्थापनसँग सम्बन्धित खर्चहरुको व्यवस्थापन प्रकोप व्यवस्थापन कोषबाट हुँदै आएको ।
- ✓ भुक्तानी EFT प्रणालीवाट हुदै आएको ।

## ९. गत आ.व.को सामाजिक तथा आर्थिक क्षेत्रमा भएका मुख्य मुख्य उपलव्धीहरु:

आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकाको निम्न अनुसारका उपलब्धिहरु देखिएका छन् । देखिएका उपलब्धिहरुलाई सामाजिक सूचकका आधारमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ९.१ स्वास्थ्य:

- गाउँ पालिका क्षेत्र भित्र १ अस्पताल, २ वटा स्वास्थ्य चौकी, १ प्रदेश आयूर्वेदिक चिकित्सालय, २ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र, २ गाउँघर क्लिनिक, ६ वटा खोप केन्द्र मार्फत स्वास्थ्य सेवा उपलब्ध गराईएको ।
- १०० प्रतिशत घरधुरीमा १५ मिनेट भित्र स्वास्थ्य सेवाको पहुँच रहेको छ ।
- गाउँपालिका क्षेत्र भित्रका ५ वर्ष मुनीका वालवालिकाहरु मध्ये ९५ प्रतिशत बालबालिकाहरुले भिटामिन ए र अल्वेण्डाजोल प्राप्त गरेका छन् ।
- गाउँपालिका पूर्ण खोप यूक्त गाउँ पालिका घोषणा भएको साथै १०० प्रतिशत वालवालिकाहरुले पोलियो खोप लिएका छन् ।

- माघ २२ देखि २८ गते सम्म HPV खोप सेवा सञ्चालन गरिएको जसमा १८३ जना किशोरिहरुलाई खोप प्रदान गरिएको।
- स्वास्थ्य संस्थाहरुबाट बर्षभरिमा जम्मा १०९०१  जना सेवाग्राही लाई सेवा दिइएको ।
- नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिएको  ।
- पालिकाभरिमा ५ जना क्षयरोगीका बिरामीहरु पत्ता लगाई उपचारमा ल्याईएको ।
- गर्भवती महिलाहरुको लागी घुम्ती ग्रामिण भिडियो एक्सरे सेवा वडा स्तरमा सञ्चालन गरिएको ।
- २०८१।८२ मा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुवाट २५ जना महिलाले प्रसुति सेवा लिएका छन् ।
- सुरक्षित गर्भपतन सेवा प्राप्त गर्ने महिलाहरु शुन्य रहेको ।
- गरिब तथा अतिबिपन्न परिवारको लागी एम्बुलेन्स सेवा उपलव्ध गराउदै आएको भए पनि हाल एम्बुलेन्स विग्रेकाले सेवा दिन नसकिएको ।
- सबै गर्भवती तथा सुत्केरीको लागी हजार दिन भित्र पोषण प्रोत्साहन भत्ता सहित रु. २,५०० नगद नै उपलव्ध गराउने गरिएको ।
- अति विपन्न, दलित, अपांगता तथा स्वयंसेविकाहरु २१२ परिवारलाई निःशुल्क स्वास्थ्य बिमा गरिएको
- पोषण सम्बन्धी २ दिने बार्षिक समिक्षा गोष्ठी सम्पन्न गरिएको ।
- पुर्ण खोप सुनिश्चित वडा तथा गाउँपालिकाको दिगोपना कायम गरि ३६ जना बालबालिकाहरुलाई पुर्ण खोप लगाइएको।
- QR verify नियमित रुपमा भईरहेको ।
- महिला स्वास्थ्य स्वयंसेविका दिवस मनाइएको।
- निःशुल्क आधारधुत तथा आकस्मिक औषधिको नियमित उपलब्ध गरिएको ।
- सुनौलो हजार दिनका महिलाहरुलाई पोषण सचेतना तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।
- बिद्यालय पोषण सप्ताह तथा बिभिन्न स्वास्थ्य दिवसहरु मनाइएको ।
- स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड सुनिश्चित गर्न मुल्याङ्कन,अनुगमन तथा समिक्षा कार्यक्रम सञ्चालन गरिएको

- घरपफ्तोङ गाउँपालिकामा स्तनपान कक्ष निर्माण गरिएको तर हाल स्टोरको रुपमा उपयोग गरिएको

९.२ . **शिक्षाः**

- प्राथमिक तहका सवै शिक्षकहरुले सेवाकालीन तालिम गरेका छन् ।
- ३० मिनेट भित्र भित्र सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित भएको छ ।
- साक्षर गाउँ पालिका घोषणा भएको ।
- मुस्ताङ जिल्ला मै प्रथम वाल मैत्री स्थानीय शासन भएको गाउँपालिका घोषणा गर्ने तयारी गरिएको
- गाउँ पालिकाले कक्षा १- ५ सम्म स्थानीय पाठ्यक्रम र कक्षा १-३ सम्म पुस्तक संचालनमा ल्याईएको ।
- गाउँ पालिका भित्र क्याम्पस १, मा.वि. २, आधारभुत विद्यालय ४ , परम्परागत विद्यालय ० र संस्थागत विद्यालय २ गरि ८ वटा विद्यालय रहेको ।
- ९ जना बालविकास सहजकर्ता, ८ जना विद्यालय सहयोगी र लेखा सहायक २ जनालाई मासिक रुपमा पारिश्रमिक थप गरि पालिकाको स्रोतबाट तलव भत्ता निकासा गरिएको ।
- जिल्ला सदरमुकाममा रहेको जनहित मा.वि.लाई आवासिय विद्यालयको रुपमा संचालन गरिएको ।
- माध्यमिक विद्यालय सञ्चालित १ वटा जनहित माध्यामिक विद्यालयमा सिसिटिभी र ई हाजिरी जडान गरिएको ।
- गाउँपालिका र सम्वन्धित विद्यालयका प्र.अ. तथा प्र.अ. मार्फत विद्यालयमा कार्यरत शिक्षकहरु संग समेत करार सम्झौता भएको ।
- शिक्षक तथा विद्यालयमा कार्यरत कर्मचारीहरुका लागि पेशागत क्षमता विकास तालिम, पाठ्यक्रम प्रवोधिकरण, ईमिस अभिमुखीकरण, विद्यार्थी मूल्यांकन तथा सामाजिक परिक्षण सम्वन्धि तालिम संचालन गरिएको ।
- सम्वन्धित विद्यालयको लगानीमा शैक्षिणिक योजना निर्माणमा सहज होस भन्नका लागि शिक्षक डायरी वितरण भएको ।
- गाँउ पालिका अर्न्तगत कार्यरत शिक्षकहरुलाई गाउँपालिकाको लोगो सहितको परिचय पत्र उपलव्ध नगराईएको ।
- सवै विद्यालयमा छात्राहरुका लागि सहज र सजिलै संग स्यानेटरी प्याड उपलव्ध भएको ।

- एकिकृत पाठ्यक्रम सम्वन्धि कस्ट्रमाईज तालिम संचालन गरिएको ।
- अध्यक्ष कप खेलकुद कार्यक्रम संचालनमा आएको ।
- IEMIS अध्यावधिक सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन भएको ।

**९.३ खानेपानी, सरसफाई तथा स्वच्छता (WASH)**

- गाउँ पालिका को कूल जनसंख्या मध्ये १०० प्रतिशत परिवारमा १५ मिनेट नजिक खानेपानी सेवा पुगेको देखिन्छ
- गाउँ पालिका १०० प्रतिशत घरपरिवारमा आधारभुत सुविधा भएको शौचालय सुविधा पुगेको छ । गाउँ पालिका  खुला दिशा मुक्त घोषणा भै सकेको छ ।
- खानेपानी तथा जलश्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ निर्माण भएको छ।
- गाउँ पालिकाको सहयोगमा निर्मित  साना तथा मझौला खालका खानेपानी योजनाहरु निर्माण भएको  र जसवाट महिलाहरुको कार्यवोझ घटी अन्य आर्य आर्जनमा समय लगानी भएको

## ९.४ कृषिः

- उत्पादन पछि मुल्य वृद्धिका लागि कोल्ड स्टोरमा २ स्थानमा जोमसोम र ठिनीमा निर्माण भई स्याउ तथा आलु राख्ने व्यवस्था मिलाएको ।
- नियमित रुपमा कृषक समुहको वैठक सम्पन भई समिक्षा हुने गरेको ।
- सवै वडाका सक्रिय कृषकहरुलाई काउली, वन्दा, जुकेनी, खुर्सानी र काक्रा जातका तरकारीको उन्नत विउ विजन सहयोग गरिएको
- किसानहरुवाट उत्पादीत स्याउको वजारिकरण सहयोगका लागि स्याउको कार्टुन ५ केजीको ५० % अनुदानमा ६३०० कार्टुन वितरण गरिएको ।
- उत्कृष्ठ तिन जना कृषकहरुलाई पुरस्कृत गरिएको ।
- स्याउको वोटमा लगाउने ATSO(खनिज तेल) ५०% अनुदानमा उपलव्ध गराईएको ।
- प्राङ्गारिक मल खरिद वितरण ५०% अनुदान, वडा नं.-०२, मार्फा

- रैथाने बालीहरुको परिकार विविधिकरण अर्न्तगत ऊवाबाट खिर, फापरवाट कुकिज, विस्कुट, निमकिन, हलुवाई, पिजाको परिकार वनाउने तालिम प्रदान गरिएको ।
- स्थानीय रैथाने वालीहरुको परिकार विविधिकरण पुस्तिका, २०८१ प्रकाशन गरिएको ।
- स्याउ लगायतका फलफुलमा पोलिनेसन गर्नका लागि Trial को रुपमा १२ वटा मौरीको घार सहित वितरण गरिएको ।
- किसान सूचीकरण कार्यक्रम सम्पन्न गरिएको ।
- कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक गरिएको ।

## ९.५ पशुपालनः

- च्याङग्रा तथा याक प्रर्वद्धन कार्यक्रम अर्न्तगत मार्फा कृषि, पशुपंक्षि नर्सरी फार्म, मार्फा( धुव्र परियार) लाई ५० प्रतिशत अनुदान वरावर ३ लाख रुपैया गोठ निर्माण तथा प्रजननका लागि वोका खरिदमा अनुदान उपलव्ध गराईएको ।
- च्याङग्रा तथा याक प्रर्वद्धन कार्यक्रम अर्न्तगत विरु पशु तथा मत्स्य पालन फर्म ( विर प्रसाद थकाली ) लाई ५० प्रतिशत अनुदान वरावर ३ लाख रुपैया गोठ निर्माण तथा १२ वछ्यौली च्याङग्रा खरिदमा अनुदान उपलव्ध गराईएको ।
- च्याङग्रा तथा याक प्रर्वद्धन कार्यक्रम अर्न्तगत ह्यालिमिन्दो पशुपंक्षि पालन तथा कृषि व्यवसाय फार्म ( अमर थकाली ) लाई ५० प्रतिशत अनुदान वरावर २.५ लाख रुपैया गोठ सुधार तथा प्रजननका लागि याक खरिदमा अनुदान उपलव्ध गराईएको ।
- च्याङग्रा तथा याक प्रर्वद्धन कार्यक्रम अर्न्तगत निलगिरी पशुपंक्षि पालन तथा कृषि व्यवसाय फार्म ( भुपेन्द्र शेरचन ) लाई ५० प्रतिशत अनुदान वरावर २.५ लाख रुपैया गोठ सुधार तथा प्रजननका लागि याक खरिदमा अनुदान उपलव्ध गराईएको ।
- भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र एक्यापको सहयोगमा रेविज विरुद्धको खोप, जुका औषधी, कुकुरको स्थायी वन्ध्याकरण गरिएको ।
- गाउँपालिकाको पशुपंक्षिको तथ्यांक संकलन गरिएको ।
- गाउँपालिका अर्न्तगत रहेका व्यवसायिक फर्महरुको डिटेल विवरण संकलन गरिएको ।

- पशूपन्क्षीका लागि नभई नहुने अत्यावश्यक औषधिहरु व्यवस्थापन भई प्रत्येक वडामा प्राविधीकहरु मार्फत वितरण र नियमित रुपमा उपचार सेवा प्रदान भएको।

## ९.६ महिला, बालबालिका, अपांङ्गता र जेष्ठ नागरीक

- अपाङ्गता परिचयपत्र वितरण भएको
- राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसमा विभिन्न प्रतियोगितात्मक कार्यक्रम सहित मनाईएको ।
- पालिका तथा वडास्तरी बालसंजालका पदाधिकारीलाइ क्षमता विकास कार्यक्रम संचालन गरिइको
- बालबालिकालाइ अनलाइन दुर्व्यवहार तथा यौन हिंसा विरुद्ध सचेतनामुलक कार्यक्रम २ वटा विध्यालयहरुमा १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको
- बालश्रम,बालविवाह, लागुपदार्थ दुर्व्यसनी तथा अनलाइन सुरक्षाका विषयवस्तुमा अभिमुखिकरण कार्यक्रम संचालन गरिएको
- गाउँपालिका अर्न्तगत रहेका ३७ वटा होटलमा अनुगमन गरी होटेलमा **वाल श्रमीक मुक्त होटल** भनी स्ट्रिकर टांस गरिएको ।
- वालवालिकाको लागि विशुद्ध वाल कोष नामाकरण गरी विशेष कोष खडा गरिएको र हाल उक्त कोषमा रु. ७०,००० रकम रहेको ।
- अपांगता भएका विद्यार्थीहरुलाई १ वर्ष पुग्ने स्टेशनरी वितरण गरिएको ।
- घुम्ती रुपमा जेष्ठ नागरीक परिचय पत्र वितरण गरिएको ।
- २ वटा माध्यामिक विद्यालयमा स्यानिटरी प्याड Disposal का लागि मेशिनको व्यवस्था गरिएको
- सवै दलित महिलाहरुका लागि वातावरण मैत्री पुन प्रयोग गर्न मिल्ने स्यानिटरी प्याड तयार गर्ने तालिम प्रदान गरिएको ।
- नेतृत्व तथा क्षमता विकास तालिम LDTA को सहजिकरणमा २७ जनालाई तालिम आयोजना गरिएको ।
- २४ जनालाई अपांगता सहायक सामाग्री हस्तान्तरण गरिएको ।
- GESI र GRB परिक्षण गरिएको ।
- अन्तराष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा महिला हकहित सचेतना कार्यक्रम

- प्रत्येक विद्यालयमा बालक्लब गठन भईक्लबको सक्रियतामा अतिरिक्त क्रियाकलाप सञ्चालन
- गत साल पालिका भरी ३६ जन्म, ३४ मृत्यू, ४ सम्वन्ध विच्छेद, ३९ विवाह, ६ परिवार वसाई सराई आएको, २ परिवार वसाई सरी गएको देखिएको छ ।
- ३०७ जना जेष्ठ नागरीक, २९ जना दलित जेष्ठ नागरीक, ३६ जना जेष्ठ नागरीक एकल महिला, ३७ विद्यवा, साथै क वर्गको अपागंता ६ जना, ख वर्गको अपांगता गरी १५ र दलित वालवालिका भत्ता स्वरुप ५२ जना लाई सामाजिक सुरक्षा भत्ता उपलव्ध गराईएको ।

## ९.७ रोजगार, गरिवी निवारण र जनचेतना

- २४५ जना वेरोजगारहरु सूचिकृत गरिएको ।
- प्रधानमन्त्रि रोजगार कार्यक्रमवाट ५५ जनाले रोजगारी हासिल गरी रु. ४१,२७,५६० रुपैया प्राप्त गरेका ।
- प्रधानमन्त्रि रोजगार कार्यक्रमवाट १२ वटा योजना सम्पन्न भएको ।
- गाउँ पालिकाको रोजगार रणनिति निर्माण नभएको ।
- रोजगार मूलक आयोजनामा खटिएका मजदुर, श्रमीकहरुलाई अभिमुखीकरण गरिएको ।
- सामी कार्यक्रम अर्न्तगत टोलहरुमा गहन अभिमुखीकरण कार्यक्रम १९ ईभेन्ट संचालन भएको ।
- २ जना मनो रोगीहरुलाई मनोसामाजिक परामर्श उपलव्ध गराउदै आईरहेको ।

## ९.८ उद्यम, उद्यमशिलता, सहकारी र उद्योग तथा बैदेशिक रोजगारी

- प्रबिधि हस्तान्तरण अन्तरगत लघुद्यमी समूहहरुलाई स्याउको जाम, माडा वनाउनका लागि आवश्यक पर्ने भाडाँकुडा वितरण गरिएको ।

## ९.९ पूर्वाधार विकासः

गत साल पूर्वाधार अर्न्तगत सम्पन्न योजनाहरुको नतिजा तल प्रस्तुत गरिएको छ ।

- जम्मा सम्पन्न योजना ७२ वटा
- म्याद थप भएका योजना २ वटा
- दायित्व सारिएका योजना २ वटा

**सम्पन्न भएका योजना मध्येः**

| | |
|---|---|
| १ लाख सम्मका योजना १६ वटा | ५ देखी १० लाख सम्मको योजना १४ वटा |

| | |
|---|---|
| १ देखि २ लाख सम्मका योजना ९ वटा | १० देखी २५ लाख सम्मको योजना १ वटा |
| २ लाख देखी ५ लाख सम्मका योजना २५ वटा | २५ लाख देखी ५० लाख सम्मका योजना ३ वटा |
| ५० लाख भन्दा माथिका योजना ४ वटा | |

- **वडा स्तरिय योजना ५३ वटा**
- **गाउँपालिका स्तरिय साना योजना ८ वटा**
- **वोल पत्रद्धारा संचालित योजनाहरु ७ वटा**
- **परामर्शद्धारा संचालित योजना ४ वटा**
- **उपभोक्ता समिति मार्फत संचालित योजना २३ वटा**

- मापदण्ड कडाईकासाथ कार्यन्वयनमा लागेको ।
- NEPAL BUILDING CODE लाई कडाईका साथ कार्यन्वयन गरेको ।
- सार्वजनिक जग्गाहरु एकिन गरि संरक्षण गर्न लागिएको ।
- खानेपानी समिति तथा मुहान दर्ता गर्न लागिएको ।

## ९.१० सुशासन तथा संस्थागत विकास

- गत आ.व.मा कार्यपालिकाको वैठक वसी विभिन्न निर्णयहरु गरिएको र सो निर्णयहरु वेभ साईडमा प्रकाशन गरिएको ।
- गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत तथा प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुख विच कार्य सम्पादन सम्झौता भएको ।
- कार्य सम्पादन मूल्याङ्कन, स्तर वृद्धी तथा बढुवा गरी कर्मचारीको वृत्ती विकास गरिएको ।
- कर्मचारीको ई-हाजिरी व्यवस्थित बनाइएको ।
- कर्मचारीहरुका गतिविधिहरुको निरन्तर CCTV वाट निगरानी ।
- ड्रेस कोडलाई कार्यान्वयनमा ल्याइएको ।
- कर्मचारीहरुलाई काममा थप उत्प्रेरित बनाउन कर्मचारी सम्मान कार्यक्रमलाई संस्कारका रुपमा नै विकास गरिएको।
- सेवा प्रवाह सम्बन्धी मापदण्ड निर्माण नभएको ।
- वडा सचिवहरुलाई सुत्र सम्वन्धि तालिम दिईएको ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सामुहिक दुर्घटना विमा गरिएको ।
- नागरिक सहायता कक्षको स्थापना भएको तर कर्मचारीको व्यवस्था नभएको ।

- कार्यालयका सुचना निर्णय कानुन समिक्षा प्रतिवेदन वेभसाइट मार्फत सार्वजनिक
- डिजिटल नागरिक वडापत्रको व्यवस्था भएको ।
- घरपझोङ गाउँपालिकाको एक पटक सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन भएको ।
- PAMS Software चालु रहेको ।
- गाउँपालिकाले गर्ने कार्य, कार्यक्रम, गतिविधि समेटिएको क्यालेण्डर प्रकाशन भएको ।
- अन्तरपालिका स्तरीय असल अभ्यास कार्यक्रम विभिन्न चरणमा सम्पन्न भएको ।
- विभिन्न महानगरपालिका, उप महानगरपालिका, गाउँपालिका विच भगिनी सम्वन्ध स्थापित भएको

### ९.११ विपद् व्यवस्थापन

- स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन तयारी कार्यविधि निर्माण
- आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापनका लागि आवश्यक विपद् पूर्वतयारी तथा प्रतिकार्य सामग्रीहरु व्यवस्थापन
- पालिकाबाट विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा ।
- नगर प्रहरी पदपूर्तीले विपद् व्यवस्थापनमा थप सहयोग ।

### ९.१२ न्यायिक समिति

न्यायिक समितिले सम्पादन गरेका विवाद सम्बन्धी कामकारवाहिको विवरण-

- जम्मा दर्ता भएका बिवाद संख्या - २ वटा
- हालसम्म फछ्यौट भएको बिवाद संख्या - २ वटै विवाद अदालतमा गएको ।
- २१ जना मेलमिलापकर्ता रहेका तर गाउँपालिकामा सूचिकृत हुन अनईच्छुक देखिएका ।

## १०. योजनाको स्थलगत अनुगमन र यी योजनाको आर्थिक तथा सामाजिक प्रभावहरु:

**योजनाको नामः मार्फा छैरो जोड्ने वेली व्रिज निर्माण योजना**

**पृष्ठभूमिः**

घरपझोङ गाउँपालिका अर्न्तगत वडा नं. १ र २ वडाका जनताहरुलाई सहज र सरल तरिकाले यातायातका साधनहरु आवात जावत गर्न र उत्पादीत वस्तुहरुको आयात निर्यात गर्ने सुविधाका

लागि यो योजना निर्माण गरिएको हो । यसबाट करिव १२०० जनसंख्या लाभान्वित भएका छन् । यस क्षेत्रमा थकाली, गुरुङ, मगर, टिबेटियन क्याम्पमा वसोवास गर्ने नागरीक, दलित थरका वासिन्दाहरुको वसोवास रहेको छ । यस योजना ठेक्का प्रणालीवाट निर्माण भएको हो । यस योजना निर्माणका लागि रवि चक्र निर्माण सेवा, मुगु ले जिम्मा लिएको थियो । यस योजनावाट ४१.२५ मीटरको वेली वृज निर्माण भएको हो । यस योजना संघिय सरकारको विशेष अनुदान र घरपझोङ गाउँपालिकाको वजेट साझेदारीमा निर्माण भएको हो । यस योजनाको जम्मा लागत रु. २,९३,४४,१७५.०० रहेको छ ।








**योजना छनोट प्रक्रियाः**

घरपभ्फोङ गाउँ पालिका वडा नं. १ र २ नं निवासी स्थानीय जनताहरुको माग वमोजिम ठेक्का विधिवाट रवि चक्र निर्माण सेवा, मुगुले निर्माण गरेको हो । गाउँपालिकामा गठन भएको ३ सदस्यिय अनुगमन समितिले अनुगमन गरी दिएको प्रतिवेदन अनुसार अन्तिम भुक्तानी भएको थियो ।

**कार्यक्रमको उपलव्धि तथा प्रभावहरुः**

- वेली वृजको वेस मजवुतीका कारणले सडक, वस्ति, खेती योग्य जमिनको संरक्षण भएको ।
- वडा नं. १ र २ का जनताहरु यातायातका साधनहरु मार्फत आवत जावत गर्न सहज भएको ।
- स्थानीय स्तरमा उत्पादीत वस्तुहरु वजार सम्म ढुवानी गर्न सहज भएको ।

**योजनाको नामः कोङती देखी पुल्चोक भ्फो.पु. सम्म काली गण्डकी नदी वोल्डर सहितको टडवन्धन निर्माण योजना**

**पृष्ठभूमिः**

घरपभ्फोङ गाउँपालिका अर्न्तगत वडा नं. ३, स्याङ, पुल्चोक क्षेत्रमा रहेका स्थानीय जनताहरुको वस्ती , घर, कृषि वागवानी क्षेत्र जोगाउन र कच्ची सडक संरक्षणका लागि यो योजना निर्माण भएको छ । यसवाट त्यस क्षेत्रका करिव १०८५ जनसंख्या लाभान्वित भएका छन् । यस क्षेत्रमा थकाली, गुरुङ तथा दलित परिवारको वसोवास रहेको छ । यस योजना ठेक्का विधिवाट निर्माण भएको हो । दोर्जे फुवा निर्माण सेवा, मुस्ताङ नामक निर्माण व्यवसायीवाट निर्माण भएको यस योजनाको जम्मा लागत ईस्ट्रिमेट रु १,१८,०५,८९८।०० रहेको र निर्माण व्यवसायीलाई रु. ७३,००,०००।०० गाउँपालिकावाट भुक्तानी गएको छ ।





**योजना छनोट प्रक्रियाः**

घरपझोङ गाउँपालिका वडा नं. ३ स्याङ पुल्चोक क्षेत्रका जनताहरुको माग वमोजिम यस योजना निर्माण भएको हो । यस योजना ठेक्का प्रणलीवाट निर्माण भएको र निर्माण व्यवसायी दोर्जे फुवा निर्माण सेवा, मुस्ताङ रहेका थियो । गाउँपालिकामा रहेको अनुगमन समितिवाट अनुगमन भई प्राप्त भएको अनुगमन प्रतिवेदन अनुसार भुक्तानी भएको हो ।

**कार्यक्रमको उपलव्धि तथा प्रभावहरुः**

- पक्कि वोल्डर सहितको टडवन्धन निर्माणले वस्ति, कृषि तथा वागवनी क्षेत्र र सडक संरक्षणमा टेवा पुगेको ।

**योजनाको नामः पुथाङ Street Light निर्माण योजना**

**पृष्ठभूमिः**

घरपझोङ  गाउँपालिका अर्न्तगत पुथाङ वजार क्षेत्रका जनताहरुलाई रातमा उज्यालो प्रदान गर्न र वजार क्षेत्रलाई रातमा सुन्दर आकर्षक देखाउनका लागि यो योजना निर्माण गरिएको हो । यसवाट ५८ घरधुरी लाभान्वीत भएका छन् । यस क्षेत्रमा थकाली, मगर, गुरुङ तथा दलित थरका वासिन्दाहरुको वसोवास रहेको छ । यस योजनाको कुल लागत रु. ३५,००,०००।०० रहेको, गाउँपालिकाको योगदान रु. ५,००,०००।००, एक्यापको साझेदारी रु. ३,००,०००।०० र वाकी रु. २७,००,०००।०० रकम स्थानीयको योगदान रहेको छ ।




**योजना छनोट प्रक्रियाः**

घरपझोङ गाउँ पालिका पुथाङ क्षेत्रका जनताहरु भेला भई जन प्रतिनिधिहरुको उपस्थितिमा ७ सदस्यिय उपभोक्ता समिति गठन गरी गांउ पालिकावाट साझेदारी रु. ५,००,०००।०० वजेट प्राप्त गरी र अन्य रकम एक्याप र स्थानीय जनताको सहभागितामा यो योजना निर्माण गरिएको थियो ।  ५८ वटा आकर्षक

डिजाईनमा निर्माण गरिएको सडक वत्ति जडान गरिएको छ । विद्युत प्रवाह Under Ground गरिएको छ । उपभोक्ता समितिमा १०० प्रतिशत जनजातीको सहभागिता रहेको छ । ७ सदस्यीय उपभोक्ता समिति गठन भएको र  ३ सदस्यिय अनुगमन समिति पनि गठन गरिएको थियो ।

**कार्यक्रमको उपलव्धि तथा प्रभावहरु:**

- रातमा आवत जावत गर्ने पर्यटकका लागि सहज वातावरण सिर्जना भएको ।
- वजार क्षेत्र सुरक्षित, सुन्दर, आर्कषक देखिएको ।

**उद्यमको नामः कुछपतेरङगा भ्फिलिङगा लघु उद्यमी समुह, ठिनी**

**व्यवसायको नामः** फापर तथा चामलको भ्फिलिङगा उद्यम

**उद्यमीको संख्याः** १४ जना

**लिएको तालिमको विवरणः**

- ८ दिने व्यवसाय सचेतना तथा शुरु तालिम (SYIB)
- आधारभुत भ्फिलिङगा तयारी गर्ने तालिम

**लगानीः** शुरुमा प्रत्येक उद्यमीले रु ३,००० को दरले १४ जनाको रु. ४२,०००।००

**विक्रि गर्ने स्थानः** आफ्नै उद्योगवाट, स्थानीय कोसेली घरहरु जोमसोम, टुकुचे, मेला महोत्सव

**नाफाः** अन्य पेशा व्यवसायको अत्तिरिक्त वचेको समय लगानी गरी लगानी उठाई रु ५,०००।०० प्रत्येक सदस्यले आम्दानी गरि सकेका छन् ।

**गाउँपालिकावाट सहयोगः** सामुदायिक भवनको माथिल्लो तला गाउँपालिकाले निर्माण गरि दिएको, व्यवसाय संग सम्वन्धित सिप तालिमहरु उपलव्ध गराएको, भ्फिलिङगा वनाउने ४ वटा मेशिन, ग्यास चुलो, आवश्यक भाडाँकुडाँहरु

**उद्यम विकास र विस्तारका लागि थप मागः** मेशिन विग्रेमा मर्मत गर्ने तालिम, हावा आई धुलोले असर गरेकाले सोलार ड्रायर, B to B Likage गरि दिने, व्यवसायको Scale up तालिम दिनुपर्ने ।



## ११ . सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु

- गाउँ पालिकाको कार्यालयले कार्यालय अर्न्तगतका शाखा, उपशाखा, ईकाईहरुलाई आफ्नो शाखा, उपशाखा अर्न्तगतको कार्यक्रम कार्यान्वयन गर्न स्वायक्त दिनुका साथै शाखाहरुको क्षमता विकासमा योगदान पुर्‍याएको र प्रमुख प्रशासकिय अधिकृतमा निहित केही अधिकारहरु शाखा प्रमुखहरुलाई निपेक्षण गरेको ।
- गाउँपालिकाले चालिस माईक्रोन भन्दा मुनीको प्लाष्टिक निषेध क्षेत्र घोषणा गरिएको र व्यवहारमा पनि देखिएको ।
- आलु, दुध, गेडागुडीमा आत्मनिर्भर गाउँपालिका रहेको ।
- घरपझोङ गाउँपालिकाको कार्य स्थलमा यौनजन्य दुव्यवहार निवारण आचार संहिता , २०८१ घोषणा गरी कार्यान्वयनमा ल्याईएको ।
- सवै वडाहरुमा स्मार्ट शौचालय लगायत सार्वजनिक शौचालयहरु निर्माण भई सफल रुपमा प्रयोगमा आएको ।
- सडकको दायाँवायाँ जमिन मुनी तार विच्छाई सडक वत्ति निर्माणको डिजाईन अत्यन्तै प्रभावकारी र असल अभ्यासको रुपमा रहेको ।

- सडकको विचमा डिभाईडरको रुपमा विभिन्न सन्देश सहित गाउँपालिकाको लोगो सहित झण्डा राखिएको ।
- गर्भवती महिलाहरुको लागी घुम्ती ग्रामिण भिडियो एक्सरे सेवा वडा स्तरमा सञ्चालन गरिएको ।
- सबै गर्भवती तथा सुत्केरीको लागी हजार दिन भित्र पोषण प्रोत्साहन भत्ता सहित रु. २,५०० नगद नै उपलव्ध गराउने गरिएको ।
- अति विपन्न, दलित, अपांगता तथा स्वयंसेविकाहरु २१२ परिवारलाई निःशुल्क स्वास्थ्य बिमा गरिएको
- साक्षर गाउँ पालिका घोषणा भएको ।
- मुस्ताङ जिल्ला मै प्रथम वाल मैत्री स्थानीय शासन भएको गाउँपालिका घोषणा गर्ने तयारी गरिएको
- गाउँ पालिकाले कक्षा १- ५ सम्म स्थानीय पाठ्यक्रम र कक्षा १-३ सम्म पुस्तक संचालनमा ल्याईएको ।
- जिल्ला सदरमुकाममा रहेको जनहित मा.वि.लाई आवासिय विद्यालयको रुपमा संचालन गरिएको ।
- माध्यमिक विद्यालय सञ्चालित १ वटा जनहित माध्यामिक विद्यालयमा सिसिटिभी र ई हाजिरी जडान गरिएको ।
- गाउँपालिका र सम्वन्धित विद्यालयका प्र.अ. तथा प्र.अ. मार्फत विद्यालयमा कार्यरत शिक्षकहरु संग समेत करार सम्झौता भएको ।
- सम्वन्धित विद्यालयको लगानीमा शैक्षिणिक योजना निर्माणमा सहज होस भन्नका लागि शिक्षक डायरी वितरण भएको ।
- उत्पादन पछि मुल्य वृद्धिका लागि कोल्ड स्टोरमा २ स्थानमा जोमसोम र ठिनीमा निर्माण भई स्याउ तथा आलु राख्ने व्यवस्था मिलाएको ।
- किसानहरुवाट उत्पादीत स्याउको वजारिकरण सहयोगका लागि स्याउको कार्टुन ५ केजीको ५० % अनुदानमा ६३०० कार्टुन वितरण गरिएको ।
- रैथाने बालीहरुको परिकार विविधिकरण अर्न्तगत ऊवावाट खिर, फापरवाट कुकिज, विस्कुट, निमकिन, हलुवाई, पिजाको परिकार वनाउने तालिम प्रदान गरिएको ।
- स्थानीय रैथाने वालीहरुको परिकार विविधिकरण पुस्तिका, २०८१ प्रकाशन गरिएको ।
- स्याउ लगायतका फलफुलमा पोलिनेसन गर्नका लागि Trial को रुपमा १२ वटा मौरीको घार सहित वितरण गरिएको ।

- च्याङग्रा तथा याक प्रर्वद्धन कार्यक्रम अर्न्तगत ४ फर्मलाई खोर निर्माण तथा प्रजननका लागि याक अनुदान उपलव्ध गराईएको ।
- अपाङ्गता परिचयपत्र वितरण भएको
- बालबालिकालाइ बालश्रम,बालविवाह, लागुपदार्थ दुर्व्यसनी अनलाइन दुर्व्यवहार तथा यौन हिंसा विरुद्ध सचेतनामुलक कार्यक्रम २ वटा विध्यालयहरुमा १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको
- गाउँपालिका अर्न्तगत रहेका ३७ वटा होटलमा अनुगमन गरी होटेलमा **वाल श्रमीक मुक्त होटल** भनी स्टि्कर टांस गरिएको ।
- वालवालिकाको लागि विशुद्ध वाल कोष नामाकरण गरी विशेष कोष खडा गरिएको र हाल उक्त कोषमा रु. ७०,००० रकम रहेको ।
- घुम्ती रुपमा जेष्ठ नागरीक परिचय पत्र वितरण गरिएको ।
- २ वटा माध्यामिक विद्यालयमा स्यानिटरी प्याड Disposal का लागि मेशिनको व्यवस्था गरिएको
- सवै दलित महिलाहरुका लागि वातावरण मैत्री पुन प्रयोग गर्न मिल्ने स्यानिटरी प्याड तयार गर्ने तालिम प्रदान गरिएको ।
- २४ जनालाई अपांगता सहायक सामाग्री हस्तान्तरण गरिएको ।
- प्रधानमन्त्रि रोजगार कार्यक्रमवाट ५५ जनाले रोजगारी हासिल गरी रु. ४१,२७,५६० रुपैया प्राप्त गरेका ।
- प्रबिधि हस्तान्तरण अन्तरगत लघुद्यमी समूहहरुलाई स्याउको जाम, माडा वनाउनका लागि आवश्यक पर्ने भाडाँकुडा वितरण गरिएको ।
- कार्यपालिकाको वैठक वसी विभिन्न निर्णयहरु गरिएको र सो निर्णयहरु वेभ साईडमा प्रकाशन गरिएको ।
- गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत तथा प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुख विच कार्य सम्पादन सम्झौता भएको ।
- कर्मचारीको ई-हाजिरी व्यवस्थित बनाइएको ।
- कर्मचारीहरुका गतिविधिहरुको निरन्तर CCTV वाट निगरानी ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सामुहिक दुर्घटना विमा गरिएको ।

- डिजिटल नागरिक वडापत्रको व्यवस्था भएको ।
- गाउँपालिकाले गर्ने कार्य, कार्यक्रम, गतिविधि समेटिएको क्यालेण्डर प्रकाशन भएको ।
- अन्तरपालिका स्तरीय असल अभ्यास कार्यक्रम विभिन्न चरणमा सम्पन्न भएको ।
- विभिन्न महानगरपालिका, उप महानगरपालिका, गाउँपालिका विच भगिनी सम्वन्ध स्थापित भएको
- घरपझोङ गाउँ पालिका खुल्ला दिसामुक्त पूर्ण साक्षर, पूण खोप गाउँ पालिका को रुपमा घोषणा भएको छ ।
- विकासमा महिला सहभागिता, वातावरण संरक्षण, सामाजिक परिचालन, रोजगारी वृद्धि लगायतमा गत वर्ष भन्दा सकारात्मक उपलब्धी देखिएको छ ।
- विभिन्न वडामा खनिएको मोटर वाटोले गाउं संग उत्पादनको सम्वन्ध विकास भएको छ ।
- गाउँपालिकाले सहभागी तथा समावेशी योजना तर्जुमा प्रकृयालाई अवलम्बन गरेको छ ।
- सामाजिक विकास कार्यमा नागरिक संगठनहरुको भूमिका समेत उल्लेख्य देखिएको छ । खानेपानी तथा सरसफाई, खुल्ला दिसामुक्त अभियान, पूर्ण सरसफाई, फोहोरमैला व्यवस्थापन, महिला हिंसा विरुद्धका अभियानहरु र सुधारिएको चुलो निर्माण, नदी सरसफाई अभियान, विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएकोछ ।
- सार्वजनिक सुनुवाइको निरन्तरताले गाउँपालिकाको जनतासंग को सम्वन्ध विकास भई जनताको आवाजको सुनुवाई भएको छ ।
- गुनासो प्राप्तिका लागि टेलिफोन, इमेल, उजुरी पेटीका आदिको व्यवस्था गरेको र गुनासो सुन्ने अधिकारी तोकीएको ।
- महिला, बालबालिका, आदिवासी जनजाति, अपांग, दलित पिछडिएका वर्ग लगायत लक्षित वर्गहरूको आवश्यकतालाई सम्बोधन गर्न आन्तरिक स्रोतबाट समेत वजेट छुट्याई कार्यान्वयन गरेको ।
- अनुगमन प्रणाली चुस्त रहेको ।
- नियम अनुसार समयमा नै गाउँ सभा हुने गरेको ।
- गाउँ पालिका अर्न्तगत गठित समिति, उप समितिहरु सक्रियता उत्तम रहेको ।

## १२. गत वर्षमा भोगेका समस्याहरू

- जनताका मागहरु स्रोत र क्षमताको तुलनामा वढी प्राप्त भएकोले अपेक्षित रुपमा पूरा गर्न नसकिएको

- लक्षित तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु नतिजामूलक हुन नसकेको ।
- चालु अवस्थामा रहेका सडक मार्गहरु वर्षातका कारण भत्कन गई पटक पटक मर्मत संभार गर्नु पर्ने ।
- सार्वजनिक कार्यमा अपनत्वको कमी
- जन सहभागिता जुटाउन कठीन ।
- कृषि क्षेत्रलाई व्यवसायिक र आधुनिकरण गर्न नसकिएको ।
- आकस्मिक रुपमा आउने वाढी तथा पहिरो व्यवस्थापनमा असहजता
- एउटै सडक संजालमा धेरै पटक वर्ष लगानी
- उपभोक्ता समितिहरुको क्रियाशिलता अपेक्षित सक्रिय नदेखिनु ।
- क्षमता विकास तालिम सञ्चालन गर्दा स्थानीय तर्फको स्वीकृत दररेट र दक्ष विज्ञ प्रशिक्षकको दररेटमा तालमेल नमिल्दा कार्यक्रम सञ्चालनमा कठिनाई ।
- नवनियुक्त कर्मचारीहरुलाई सेवा प्रवेशसँगै तालिम लगायतका क्षमता विकास कार्यक्रम नहुँदा शुरुमै जिम्मेवारी सम्हाल्न असहजता ।

## १३. सामाजिक जिम्मेवारी पूरा गर्न गाउँ पालिकाले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

- स्याउ नास्पाती, चेरी, खुपार्नी खेतीको वृहत तथा केन्द्रिकृत कार्यक्रम  संचालन गर्नु पर्ने र स्याउमा फुजी, किङरन, गाला जातलाई प्राथामिकता दिनु पर्ने ।
- गाउँपालिका क्षेत्र भित्र २ वटा चिस्यान केन्द्र स्थापना भएको भए पनि मूल्य अभिवृद्धिका लागि वेमौसममा विक्री वितरण गर्नका लागि उत्पादीत फलफुललाई सहभागितात्मक चिस्यान केन्द्र (कोल्ड स्टोर) को कार्यक्रम संचालन गर्न सकिने ।
- आलु पकेट क्षेत्रको रुपमा वडा नं. ३ र ५ लाई विकास गर्नु पर्ने । सामुहीक आलु खेतीमा जोड दिने
- पकेट क्षेत्रहरुमा आलु सहकारी संस्था मार्फत मूल्य अभिवृद्धिका लागि आलुको विउ उत्पादन र भण्डारणका लागि Rustic Store  निर्माण गर्न सकिने ।
- आलुको Value Addition का लागि आलु वाट वन्ने dry Product हरु वनाई प्याकेजिङ्ग गरी वजारमा लैजान सकिने ।

- मार्फा, चिमाङ, स्याङ, ठिनी ईलाकालाई तरकारी जोनको रुपमा विकास गर्न सकिने ।
- किसानहरुको आम्दानी वढाउनका लागि Low volume high Value product हरु तरकारी तथा लहरे वालीको विउ उत्पादन ( विशेष गरी टमाटर सिर्जना जातको, काक्रो, घिरौला, रायो, मूला, सिमी ) मा विशेष कार्यक्रम ल्याई विउ विक्री गर्न सकिने । यसको लागि गाउँपालिकाले विउ विजन प्रयोगशालामा निशुल्क चेक गर्ने व्यवस्था मिलाउन सकिने । वार्षिक रुपमा विउ उत्पादक कृषक र व्यापारी संग मोल मोलाई र सम्झौताका लागि १ दिने कार्यक्रम गाउँपालिका वा दातृ निकायको सहयोगमा आयोजना गर्ने ।
- रैथाने वालीहरु उवा, फापर, जौ र दलहन वालीलाई संरक्षण र विकास विस्तारको कार्यक्रम ल्याउनु पर्ने ।
- गरीव, लोपोन्मुख तथा सुकुम्वासीहरुका लागि यस गाउँपालिकामा वगरको क्षेत्रमा खरवुजा तरवुजा खेती गर्न सकिने ।
- लुलु गाईको संरक्षण गर्नुका साथै च्याङग्रा, याकलाई पकेट क्षेत्रको रुपमा विकास गर्दै प्रोत्साहनमा आधारित अनुदान रकममा विस्तार गर्नुपर्ने ।
- Dry Meat का लागि अत्यधिक संभावना रहेको । च्याङग्रा र याक को Dry Meat वजारमा विक्रि वितरण गर्न सकिने ।
- स्थानीय रुपमा नै दाना उद्योग र साईलेज उत्पादन गर्न सकिने संभावना रहेको
- भूमीहीनहरुका लागि भूमी वैकको स्थापना गर्न सकिने ।
- पशुपंक्षी, मत्स्य र वालीहरुको विमा गर्ने परिपाटीको थालनी गर्न सकिने ।
- पर्यटकीय क्षेत्रको रुपमा रहेको ढुम्वा ताल, छो मा छो ताल, कुछप तेरङ्गा गुम्वा, यहारुझो भ्यू टावर, मातृ चक्र, झोङ न घाङ शान्ति पार्क, घरपझोङ किल्ला, टसी ल्हखाङ गुम्वा, मुस्ताङ ईको म्यूजियम, सम्तेलिङ गुम्वा, प्रा गुम्वाको विकास र संरक्षणका साथै कला र संस्कृतिको रुपमा रहेको धेक्यव नृत्य, ख्हिला र फाला, तेरमी तोरन्ल्ह, जस्ता पर्व, कला संस्कृतिको विकास र संरक्षण गर्दै तिनीहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- Home stay develop गर्ने गांउहरुमा cooking Baking र अतिथि सत्कारको वारेमा तालिम आयोजना गर्न सकिने ।

- घरपझोङ  गाउँपालिकामा स्थापना भएको पर्यटन सूचना केन्द्रलाई थप व्यवस्थित गरी संचालनमा ल्याउनु पर्ने ।
- धार्मिक, ऐतिहासिक औषधी जन्य तथा साहसिक पर्यटन प्रर्वद्धन गर्न Leaflet तथा वृत चित्र निर्माण गरी प्रसार प्रसार गर्न सकिने ।
- Zero Home delivery गराई पूर्ण संस्थागत सुत्केरी भएको गाउँपालिका निर्माण ।
- Medicianal herbs हरुको प्रचुर रुपमा विकास गर्न सकिने ।
- वाल विवाह न्यूनिकरण संम्वन्धि प्याकेजमा कार्यक्रम लागु गर्न सकिने ।
- आन्तरिक पर्यटन प्रवद्धनका लागि सामुदायिक होम स्टे प्रवर्द्धन कार्यक्रम संचालन गर्नु पर्ने ।
- खुशी जेष्ठ नागरिक, खुशी बालबालिकाःअपाङ्गमैत्री सबै पालिकाको नारा कार्यान्वयन गर्ने ।
- आपतकालीन स्वास्थ्य सेवा प्रवर्द्धनका लागि एम्वुलेन्स मर्मत गरी संचालनमा ल्याउनु पर्ने ।
- नागरीक सहायता कक्षको स्थापना भएको भए पनि कुनै कर्मचारी व्यवस्थापन भएको नदेखीएकोले यसलाई तुरुन्त व्यवस्थापन गर्नु पर्ने ।
- स्तन पान कक्ष निर्माण भएको ।
- छोरी पेवा वचत कार्यक्रम संचालन गर्नु पर्ने ।
- गाउँपालिकाले गत आ.व.मा १ वटा मात्र सार्वजनिक सुनुवाई भएकाले हरेक चौमासिकमा १ पटक र वार्षिक रुपमा ३ पटक सार्वजनिक सुनुवाई गर्नु पर्ने ।
- गत आ.व.मा जम्मा विनियोजित वजेट मध्ये अपाङ्ग, जेष्ठ नागरीक, दलित, वालवालिका, महिलामा ११.८९ प्रतिशत खर्च भएको देखिएकोले यस प्रतिशतलाई वढाउनु पर्ने ।
- पशुपंक्षी, मत्स्य र वालीहरुको विमाका लागि थप प्रयास गर्ने ।
- गाँउ पालिका अर्न्तगत कार्यरत शिक्षकहरुलाई गाउँपालिकाको लोगो सहितको परिचय पत्र उपलव्ध गराउदा उत्तम हुने ।
- अंग्रेजी माध्यमवाट अध्यापन गराउने मा.वि.लाई आर्थिक सहयोग उपलव्ध गराउने निति लिनु पर्ने
- सुत्केरी सट्टा शिक्षकको व्यवस्था गर्नु पर्ने ।
- ग वर्गका अपांगता भएका व्यक्तिहरुलाई समेत रकम छुटाई उपलव्ध गराउन सके राम्रो हुने ।

- उत्पादन भै रहेको विभिन्न उद्यम तथा व्यवसायहरुलाई लेभलिङ्ग, व्रान्डीङ्ग, Scale up र वजार विस्तारका लागि उद्यमीहरुलाई आवश्यक सहयोग उपलव्ध गराउने ।
- लक्षित क्षेत्रका बजेटहरु विपन्न र आधारभूत तहका जनताको जीवनस्तरमा रुपान्तरण हुने योजनाहरुमा मात्र लगानी प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।
- सामाजिक विकासका सूचकहरु समेट्ने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने
- संयुक्त अनुगमन प्रक्रियालाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्दै यो प्रक्रियालाई अझ विस्तारित बनाउँदै सकभर गाउँ पालिकामा संचालन हुने सबै योजनाको तहसम्म पुग्ने वातावरण बनाउनु पर्दछ ।
- भू उपयोग सूचना प्रणाली अनुसार कामको थालनी गर्नुपर्ने ।
- आन्तरिक आयमा बृद्धि गर्नका लागि नंया श्रोतको खोजी,अध्ययन लगायत योजना निर्माण गर्ने
- आय आर्जन र स्वरोजगारका कार्यक्रम वृद्धि गर्नुपर्ने
- युवा लक्षित कार्यक्रम ल्याउनु पर्ने
- उपभोक्ताहरु तथा उपभोक्ता समितिका सदस्यहरुलाई अभिमुखिकरणलाई निरन्तरता दिदा योजनामा दिगोपना हुने ।
- एक गाउँ एक उत्पादनका लागि कुन वडा वा गाउँलाई के उत्पादनमा चिनाउने हो सो समेत तय गरी एक गाउ एक उत्पादनको कार्यक्रममा वढि केन्द्रित हुनु पर्ने । उद्यम विकास योजना निर्माण गर्नु पर्ने ।
- विकास निर्माण योजनाहरु कार्यान्वयन गर्दा अपाङ्गतामैत्री निर्माण गरिनु पर्दछ । नगरपालिकामा मा हुने अन्य विकास निर्माण कार्यलाई पनि अपाङ्गतामैत्री निर्माणका लागि गाउँ पालिकाले बिशेष सचेतीकरण गर्नु पर्दछ । यस सम्वन्धमा नेपाल सरकारले निर्देशिका समेत वनाई लागु गरिसकेको हुँदा यसको पालना गरिनु पर्दछ ।
- वित्तिय जोखिम न्यूनीकरण लगायत विद्युतीय लेखा प्रणालीको कार्यान्वयन तथा अद्यावधिक गर्नु पर्ने
- विकासमा महिला सहभागिता रहेको छ, तर निर्णायक तहमा महिला सहभागिता अत्यन्त कमजोर रहेको छ । निर्णायक तहमा महिला सहभागिता बढाउनका लागि तथ्यांक व्यवस्थित गर्ने र विश्लेषण गरि लगानी प्रवर्द्धन गर्ने तर्फ ध्यान जान जरुरी छ ।

- विपन्न वर्गमा लगानी केन्द्रित गर्नका लागि केही वर्षदेखि विपन्न वर्गको तर्फबाट लाभ हासिल गरिरहेका समुदायको पारिवारिक वा व्यक्तिगत डाटाबेस तयार गरि उक्त स्थानमा लगानी नदोहोरिने वातावरण तयार गर्नुपर्दछ ।
- गाउँ पालिकालाई पूर्ण सरसफाई युक्त गाउँ पालिका घोषणा गर्नु पर्ने ।
- सडकको दुवै तर्फ Multi Purpose/ ornamental plant रोप्नु पर्ने ।
- धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धन गर्नु पर्ने ।
- स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनका लागि समन्वयात्मक र प्रवद्धनात्मक कार्यक्रम संचालन गर्नु पर्ने ।
- समग्र गाउँ पालिकाको विकासलाई अगाडी बढाउनका लागि गाउँ पालिका स्थित राजनीतिक दल, पेशागत संघ संगठन, गैर सरकारी संघसंस्था, नीजि क्षेत्र आदि समेतको सञ्जाल तयार गरी साझा रणनीति बनाउनु पर्ने ।
- वातावरण मैत्री स्थानीय शासन (EFLG)लाई रणनितिक रुपमा कार्यान्वयन गर्नु पर्ने ।
- सामाजिक विकासका सूचकहरु समेट्ने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने
- संयुक्त अनुगमन प्रक्रियालाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्दै यो प्रक्रियालाई अझ विस्तारित बनाउँदै सकभर गाउँ पालिका मा संचालन हुने सबै योजनाको तहसम्म पुग्ने वातावरणबनाउनु पर्दछ ।
- राष्ट्रिय अभियानहरु (पूर्ण खोप सुनिश्चित भएका, पूर्ण साक्षर र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित भएका, पूर्ण सरसफाई युक्त, घरभित्रको धुवाँ मुक्त लगायत) पूरा भएका गाउँ पालिका घोषणा गर्ने कार्यहरुको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने र सुधारका लागि लगानी बढाउनु पर्ने देखिन्छ ।
- निजी क्षेत्रसँगको साझेदारीमा पनि सार्वजनिक सेवा उपलब्ध गराउने कार्य अगाडी बढाउनु पर्ने
- आन्तरिक आय वृद्धिका लागि अध्ययन गरी राजस्व वृद्धिमा जोड दिनु पर्ने
- गाउँ पालिकाले उद्यम विकास योजना, पर्यटन गुरु योजना, वाल विवाह अन्त्यका लागि स्थानिय रणनिति तयार गरी लागु गर्नु पर्ने
- गाउँपलिकाले आयोजना वैंक निर्माण गर्नु पर्ने ।
- वडाहरुमा सिफारिस गर्ने प्रक्रियामा सफ्टवेयर प्रयोग गर्नुपर्ने ।

- छाडा कुकर नियन्त्रणका लागि कार्यक्रम सहित सेल्टर हाउसको निर्माण गर्न सकिने ।
- Big school, Lead School, Residencial School को अवधारणा कार्यान्वयन गर्न सकिने ।
- Friday for Future कार्यक्रमलाई निरन्तरता दिने ।
- एक पालिका एक औधोगिक ग्राम स्थापना गर्ने ।
- युवा जनशक्तिलाई आकर्षित गरी स्टार्टअप नवप्रवर्द्धन कार्यक्रमका लागि बिशेष ब्यबस्था गर्ने
- कोशेली घर निर्माण तथा सञ्चालनको लागि आवश्यक व्यवस्था गर्ने

## १४. संचालित योजना तथा कार्यक्रमवाट परेका सकारात्मक सामाजिक प्रभावहरु

- विकास निर्माणमा जनताको वित्तीय तथा श्रम सहभागिताले योजना तथा कार्यक्रममा अपनत्व र दीगो पना हुने ।
- नागरिक बडापत्र, अनुगमन, सार्वजानिक सुनुवाई, गुनासो सुनुवाई आदि जस्ता कार्यको निरन्तरताले जनता प्रति उत्तरदायि भएको महशुस हुने
- वार्षिक आय व्यय प्रकाशन सूचना बोर्ड, पत्र पत्रिका तथा स्थानीय एफ.एम.बाट सार्वजनिक गरिकोले पारदर्शिता हुने ।
- सडक निर्माण तथा सुधारमा भएको विस्तारले यातायातमा सुविधा पुग्नुका साथै बजारीकरण वृद्धि हुने स्थानीय उत्पादनलाई बजार पुर्‍याउन सहज हुने
- शिक्षा, स्वास्थ, सामुदायिक भवन, आदिको लगानीले जनताको सामाजिक विकासमा टेवा पुग्ने विभिन्न किसिमका तालिमले जनताको क्षमता विकास हुने साथै सीपमुलक तालिमले स्वरोजगार हुन गई आयस्तर वृद्धि हुने ।

## १५. संचालित योजना तथा कार्यक्रमवाट पर्न सक्ने नकारात्मक सामाजिक प्रभावहरु

- वसाई सराईमा वृद्धि भइरहेकोले विकास निर्माणमा जनताको सहभागिता कम हुन सक्ने, योजनाको लगानी बढ्ने, दीगोपना हुन नसक्ने
- सडक निर्माणका साथै आय आर्जनका कार्यक्रमहरु व्यवस्थित हुन नसके गाऊको उत्पादन विस्तापित भई परनिर्भरता बढ्न सक्ने आधुनिक र व्यवहारिक शिक्षा प्रदान गर्न नसकिएमा शैक्षिक वेरोजगार बढ्न गई सामाजिकविकृती बढ्न सक्ने

- अव्यवस्थित रुपमा हुने सडक निर्माण एवं विस्तारले भु- क्षय बाढी पहिरो आदि बढ्न सक्ने, वातावरण प्रदुषण हुन सक्ने
- वसाई सराइकै कारण अव्यवस्थित शहरीकरण हुन सक्ने ।
- सुचना संचारको दुरुपयोग हुन सक्ने र सामाजिक विकृति वढ्न सक्ने
- आधुनिक साधनहरुको बढी प्रयोग गर्ने होडले आय भन्दा खर्च बढी हुन सक्ने ।

# अनुसूचि १
## सामाजिक परिक्षणको प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रमको उपस्थिति विवरण

घरपझोङ गाउँपालिका
गाउँपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
सहभागीहरूको उपस्थिति

मितिः २०८३।०१।३१

कार्यक्रमको नामः गाउँपालिकाको सामाजिक परिक्षणको प्रतिवेदन प्रस्तुतिकरण तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, लैंगिक उत्तरदायी वजेट परीक्षण सम्वन्धि अनुशिक्षण तथा प्रारम्भिक छलफल प्रतिवेदन प्रस्तुतिकरण

स्थानः गाउँपालिकाको सभाहल

| क्र.स. | सहभागिको नाम | पद | संस्था/ कार्यालय | फोन नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री मोहन सिंह लालचन | अध्यक्ष | घरपझोङ गाउँपालिका | ९८४६८९६७५२ | [signature] |
| २. | श्री मञ्जुता थापा मगर | उपाध्यक्ष | | ९८४५२१९२४१ | मञ्जुता |
| ३. | श्री भिम कुमार बस्नेत | प्र. प्र. अधिकृत | | ९८४६६५०२३४ | [signature] |
| ४ | श्री मणि वि. क. | का. पा. स. | " | 9847704266 | [signature] |
| ५. | श्री रोजी थकाली | " | " | 9847790121 | रोजी |
| ६ | श्री अनिता छन्ताल | " | " | 9847768992 | अनिता |
| ७ | श्री याक प्रसाद थकाली | ४ नं वडाध्यक्ष | " | 9846682022 | [signature] |
| ८ | श्री प्रदिप हिमाली | ५ नं. वडा अध्यक्ष | " | ९८४६१२२५२३ | [signature] |
| ९. | फलेन्द्र प्रसाद थकाली | २ नं. वडा अध्यक्ष | " | ९८५६३६००७५ | [signature] |
| १०, | आस्म ब. थकाली | १ नं. वडा अध्यक्ष | " " | 9851154446 | [signature] |
| ११. | त्रिघण थकाली | गाउँपालिका सदस्य | " " | 98476-38019 | [signature] |
| १२. | शिव गिरी | [illegible] | " " | 9765974414 | [signature] |
| १३ | चक्र बहादुर बम | [illegible] | " | 9860524154 | [signature] |

| क.सं. | सहभागिको नाम | पद | संस्था/ कार्यालय | फोन नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १४ | आशिष भण्डारी | [illegible] | घरपझोङ गा.पा. | ०६९-४४००१६ | |
| १५ | [illegible] थकाली | [illegible] | घरपझोङ गा.पा. | ९८४६९२७४७५ | |
| १६ | सविता शर्मा | कृषि शाखा प्रमुख | घरपझोङ गा.पा | 9842990175 | |
| १७ | सुस्मिता नेपाली | MIS अपरेटर | घरपझोङ गा.पा. | ९८४६६९८४३८ | |
| १८ | सरिता थकाली | [illegible] | " " | ९८४६०४६२६३ | |
| १९ | रुबिना थकाली | स. चौकी | " " | ९८४१६६४०३८८ | |
| २० | [illegible] बहादुर थकाली | [illegible] | " " | ९८२४६८२००३४ | |
| २१ | सुजिता थकाली | [illegible] | " " | ९८४३८२१०८८ | |
| २२ | सुनिता बराल | लेखा अधिकृत | " " | ९८२५०३४२१८ | |
| २३ | अमृत बहादुर थकाली | प्रमुख चिकित्सक | " " | ९८६६०८४०४ | |
| २४ | केशर सिंह थापा | योजना, अनुगमन | " " | ९८४६१०१६१३ | |
| २५ | प्रेम बहादुर वानिया | परामर्शदाता | [illegible] प्रा.लि. [illegible] | ९८४६६२८५. | |
| २६ | लोक बहादुर क्षेत्री | " | [illegible] इन्जिनियरिङ प्रा.लि | ९८४६९१६६९० | |
| २७ | भरत प्रसाद [illegible] | " | [illegible] प्रा.लि. | ९८६०६८२६४० | |

## अनुसूचि २
## वडा कार्यालयका पदाधिकारीहरु र सेवाग्राही संगको अर्न्तक्रियाको उपस्थिति

आज मिति २०८२ साल वैशाख २९ गतेका दिन घरपझोङ गाउँपालिका, वडा नं. ४ का वडा अध्यक्ष श्री याम प्रसाद थकालीज्यूको अध्यक्षतामा गाउँपालिकाको, सामाजिक परीक्षण र लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको सन्दर्भमा छलफल, अन्तरक्रिया सम्पन्न गरियो।

उपस्थिति:

श्री याम प्रसाद थकाली, वडा अध्यक्ष
श्री नारायण प्रसाद पौडेल, वडा सचिव
श्री ओमकार गौतम · सामाजिक परिचालक
श्री रोसन गुरुङ सेवाग्राही
श्री हेम ब थापा परामर्शदाता [illegible]
श्री भरत प्रसाद जोशी "

## अनुसूचि ३
## वाल क्लवका पदाधिकारीहरु संग गरिएको अर्न्तक्रियाको उपस्थिति

आज मिति २०८२।०१।३० गतेका दिन ~~अफिस~~ जोमसोम स्थित मा०वि०का बाल क्लबका पदाधिकारीहरु को सामाजिक परीक्षण र लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि निम्न चेकलिस्ट सहित अन्तरक्रिया तथा छलफल गरियो।

1) Karishma Thakur
2) Sushma Tamang
3) Bipana magar
4) Laxmi B.k.
4) Sonam Sherpa
5) Gyalmo sherpa
6) Anita Roka Magar
7) Binita pisa magar
8) SUHANA B.K
9) Niten Gurung — 2083-01-29
10) Tsering Lhamo Gurug — Tsering
11) Dhawalkhandogrg
12) Gaurav Raut — Gaurav Raut
13) Aayush Thakalee — Aayush
14) Nawang thinley Gurung — Thinley
15) Karchung Gurung
16) Supreme Thakali — Supreme

## अनुसूचि ४
## सामाजिक परिक्षणको प्रतिवेदन प्रस्तुतिकरणका केही फोटोहरु



















# अनुसूचि ५


## असल अभ्यासहरु




मुस्ताङ लोकल आलु
घरपझोङ गाउँपालिका
जोमसोम, मुस्ताङ
जात:
तौल:


घरपझोङ गाउँपालिका
३ नं. वडा
१९८


घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ्ग
गण्डकी प्रदेश, नेपाल
डिजिटल नागरिक वडापत्र
कृपया आफुलाई आवश्यक पर्ने विषयमा जानकारी लिन परेमा तल दिएको अङ्क थिच्नुहोस
क.स. सेवाहरु
१. नागरिकताको प्रमाण पत्रको सिफारिस
२. नागरिकता प्रतिलिपिको सिफारिस
३. नक्सा पास
४. नक्सा प्रमाणित
५. नक्सा नामसारी
६. घर निमार्ण कार्य सम्पन्न प्रमाणित
७ घर तल्ला थप
८. योजना कार्यन्वयन र भुक्तानी प्रकिया (सार्वजानिक निर्माण सुधार तथा मर्मत)
९. योजना कार्यन्वयन पश्चात भुक्तानी प्रकिया
१० बहाल कर
११ विज्ञापन कर
१२ मुद्धा मामिला दर्ता
१३. मालपोत भुमिकर तथा सम्पत्ति कर
१४ निःशुल्क वा सःशुल्क स्वास्थय उपचार सिफारिस
१५. संस्था दर्ता सिफारिस
१६ चार किल्ला प्रमाणित
१७ घर जग्गा नामसारी सिफारिस
१८ जग्गा दर्ता सिफारिस
१९. जग्गा रेखाकनको कार्य/सो कार्यमा रोहबार
२०. लालपुर्जा हराएको प्रतिलिपि सिफारिस
२१ पुर्जामा घर कायम गर्ने सिफारिस
२२ मोही लगत कट्टा सिफारिस
२३ जग्गा मुल्याङ्कन सिफारिस/प्रमाणित
२४ बिद्युत/धारा जडान सिफारिस
२५. दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संशोधन सिफारिस
क.स. सेवाहरु
२६. व्यवसाय नविकरण
२७ व्यवसाय बन्द सिफारिस
२८. उद्योग/व्यवसाय ठाउसारी सिफारिस
२९. विद्यालय दर्ता सिफारिस( निजी क्षेत्र )
३०. विद्यालय ठाउसारी सिफारिस
३१. विद्यालय सन्चालन स्वीकृतका लागि कक्षा बृद्धि सिफारिस
३२. नाबालक परिचयपत्र सिफारिस
३३. दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संशोधन सिफारिस
३४ संरक्षक सिफारिस(व्यक्तिगत)
३५. जिवित संगको नाता प्रमाणित सिफारिस
३६. मृतक संगको नाता प्रमाणित सिफारिस
३७. जन्म मिति प्रमाणित सिफारिस
३८ विवाह प्रमाणित सिफारिस
३९. हकवाला वा हकवाला प्रमाणित
४०. अविवाहित सिफारिस
४१. अंग्रेजी सिफारिस तथा प्रमाणित
४२. मिलापत्र कागज/उजुरी दर्ता
४३. व्यक्तिगत घटना दर्ता(जन्म,मृत्यु,विवाह, बसाईसराई,सम्बन्ध बिच्छेद)
४४ सामाजिक सुरक्षा भत्ताका लागि
४५. अपाङ्ग परिचयपत्र
४६. उल्लेखित बाहेक अन्य स्थानीय आवश्यकता अनुसार सिफारिस
४७. सवारी दर्ता
४८ छात्रवृत्ति सिफारिस
४९. स्थायी बसोबास सिफारिस
५०. व्यवसाय दर्ता सिफारिस


घरपझोङ गाउँपालिका
Gharapjhong Rural Municipality
स्था. २०७३


घरपझोङ गाउँपालिका
नवीन सोच (Idea Bo
विकासको नवीन सोच (Idea) बारे हामीलाई जानकारी गराउन सक्नुहु


संघीय सरकारको विशेष अनुदान र
घरपझोङ गाउँपालिकाको बजेट साझेदारीमा
निर्मित यस बेलिबृजको घरपझोङ गाउँपालिकाका
अध्यक्ष श्री मोहन सिंह लालचनज्यूबाट
समुद्घाटन सम्पन्न भयो ।
लागत
कुल जम्मा रु.२,५३,४४,१७५.००